# कुम्मायक गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१/१२/२०

**भाग-२**

**कुम्मायक गाउँपालिका**

## कृषि मेशिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम संचालन कार्यविधि,- २०८१

आज्ञाले,

जयनारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत

# कृषि मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम संचालन कार्यविधि, २०८१

कुम्मायक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

यासोक, पाँचथर।

# कृषि मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम संचालन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२०**

**प्रस्तावनाः**

कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक एवम् प्रतिस्पर्धी बनाइ खाद्य तथा पोषण सुरक्षको प्रत्याभूति दिन, युवा जनशक्तिलाई व्यवसायिक कृषितर्फ आकर्षित गरी स्वरोजगारीको अवसर सिर्जना गर्न तथा गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउन यान्त्रिकरण तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरणको लागि प्रदान गरिने अनुदानलाई सरल, पारदर्शी एवं प्रभावकारी तुल्याउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि सम्बन्धि मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम संचालन कार्यविधि, २०८१" रहेको छ।
(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत तथा गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
(क) "गाउँपालिका" भन्नाले कुम्मायक गाउँपालिकालाई जनाउँछ।
(ख) "कार्यालय" भन्नाले कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।
(ग) "शाखा" भन्नाले कुम्मायक गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ।
(घ) "वडा" भन्नाले कुम्मायक गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।
(ङ) "अनुदान" भन्नाले कुम्मायक गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि लाभग्राहीलाई प्रदान गरिने औजार, यन्त्र, उपकरण एवम् मेसिनरीहरुलाई सम्झनु पर्दछ।
(च) "अनुदानग्राही" भन्नाल यस कार्यविधि बमोजिम छनोट भएका कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्म सम्झनु पर्दछ।
(छ) "कृषि मेसिनरी औजार उपकरण" भन्नाले अनुसूचि-१ मा उल्लेख गरिए बमोजिमका औजार, यन्त्र, उपकरण एवं मेसिनरीहरुलाई सम्झनु पर्दछ।

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहनेछन्:
(क) कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाइ खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउने,
(ख) कृषिजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर तुल्याइ निर्यात प्रवर्द्धन गर्ने,

(ग) उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउन सहयोग पुऱ्याउने,

(घ) कृषकको श्रम र समयको बचत गर्नु।

(ङ) आधुनिक प्रविधिको प्रयोग तर्फ कृषकहरुलाई आकर्षित गर्ने,

(च) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर सिर्जना गर्ने।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

४. **कार्यक्रम कार्यान्वयनका क्षेत्रहरुः** कुम्मायक गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कुम्मायक गाउँपालिकाका सबै वडाहरु वा गाउँ कार्यपालिकाले तोके बमोजिमका वडाहरुमा अनूसूचि-१ मा तोकिए बमोजिमका मेसिनरी औजार तथा उपकरण लागत साझेदारीमा वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ।

५. **सूचना प्रकाशन/प्रस्ताव आह्वान गर्नेः** (१) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखाले अधिकतम १५ दिनको म्याद दिइ अनुसूचि-२ बमोजिमको ढाँचा अनुसार सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सूचनाको म्यादभित्र कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीले अनुसूचि-३ बमोजिमको ढाँचामा निवेदन सहित अनुसूचि-४ बमोजिमको विवरण समेत समावेश गरी सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ।

६. **प्रस्तावको मूल्याङ्कन एंव सम्झौताः** (१) दफा ५ को उपदफा (२) बमोजिम पेश हुन आएका निवेदन/प्रस्तावहरु उपर वडा समितिले अनुगमन गरेर अनुसूचि-५ मा तोकिएका सूचकहरुको आधारमा आवश्यक सङ्ख्यामा लाभग्राही छनोट गरी सरोकारवाला सबैको जानकारीका लागि लाभग्राहीको विवरण वडा कार्यालयको सूचना पाटी वा विद्युतीय माध्यमबाट सार्वजनिक समेत गरी लाभग्राहीको विवरण सम्बन्धित शाखालाई सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयबाट छनोट भइ आएका लाभग्राहीहरुसँग सम्बन्धित शाखाले अनुसूचि-६ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

७. **लागत साझेदारी सम्बन्धि व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा कृषि सम्बन्धि मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रम संचालन गर्दा स्वीकृत वार्षिक कार्यक्रममा लागत साझेदारीको प्रतिशत तोकिएको हकमा सोही बमोजिम र नतोकिएकोमा लागत साझेदारीको प्रतिशत गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(२) दफा ६ बमोजिम छनोट भएका लाभग्राहीहरुले तोकिएको साझेदारी बापतको रकम कार्यालयले तोकेको बैङ्क खातामा दाखिला गरी सो को सक्कल भौचर शाखालाई उपलब्ध गराउनु पर्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिम वा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिमको लागत साझेदारी हुने गरी गाउँपालिकाले कृषि उद्यमी/कृषि फर्म/कृषि समूह/सहकारी र लाभग्राही कृषकहरुको साझेदारीमा कृषि सम्बन्धी मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रम संचालन गर्न सकिनेछ।

८. **अनुदान सम्बन्धी अन्य व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराइने छ।

(२) एक पटक संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका वा आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन वर्षसम्म सोही प्रकृतिको अनुदान उपलब्ध गराइने छैन।

९. **दोहोरो सुविधा लिन नपाउनेः** एकै प्रकृतिको कामको लागि लाभग्राहीले एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्ने सक्ने छैन।एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको पाइएमा वा अनुदानको दोहोरोपना भएको पाइएमा त्यसरी अनुदान लिने लाभग्राहीलाई ५ वर्षसम्म गाउँपालिकाबाट प्रवाह हुने कुनै पनि किसिमका अनुदानका कार्यक्रममा समावेश गरिने छैन।

## परिच्छेद-३

## अनुगमन, सुपरिवेक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

१०. **अनुगमन तथा सुपरिवेक्षण समितिः** यस कार्यविधि बमोजिम लागत साझेदारीमा कृषि सम्बन्धी मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) आर्थिक विकास समिति संयोजक | - सदस्य |
| (घ) पशुपंछी सेवा शाखा प्रमुख | - सदस्य |
| (ङ) कृषि विकास शाखा प्रमुख | - सदस्य सचिव |

११. **अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** दफा (१०) बमोजिम गठन भएको अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन दिने,

(ख) कृषकलाई आवश्यकतानुसार राय, सल्लाह, सुझाव र परामर्श प्रदान गर्ने,

(ग) कार्यक्रमलाई थप प्रभावकारी तुल्याउनका लागि आवश्यकतानुसार गाउँ कार्यपालिकालाई सुझाव दिने,

(घ) अनुदानको दोहोरोपना भए नभएको सम्बन्धमा आवश्य जाँचबुझ गर्ने र दोहोरोपना भएको पाइएमा लाभग्राहीको सूचीबाट हटाउनका लागि सिफारिस गर्ने।

(ङ) लाभग्राहीले अनुदानमा प्राप्त गरे नगरेको सम्बन्धमा अनुगमन गरी उद्देश्य बमोजिम प्रयोग नगरेको पाइएमा सो सामाग्री जफल गर्न वा सो बराबरको रकम असुल उपर गर्नका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने।

## परिच्छेद-४

## विविध

१२. **निर्देशन दिन सक्नेः** कार्यक्रमको सम्बन्धमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

१३. **बचाऊः** यस कार्यविधिमा व्यवस्था भएका प्रावधानको हकमा यसै कार्यविधि बमोजिम र व्यवस्था नभएको प्रावधानको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सो को निरुपण गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

१५. **संशोधन तथा खारेजः** (१) कुम्मायक गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान परिचालन सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

**अनुसूची-१**

**(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)**

**"कृषि मेसिनरी औजार उपकरण"**

१. मिनि टिलर
२. मिनि मिल
३. न्यापस्याक स्प्रेयर
४. मकै रोप्ने मेशिन
५. मकै गोड्ने मेशिन
६. तेल पेल्ने मेशिन
७. थोपा सिँचाइ सेट
८. मोटर स्प्रे
९. डिजिटल काँटा
१०.व्हिल ब्यारो
११. मोही पार्ने मेशिन
१२. कृषि कार्यमा प्रयोग हुने अन्य उपकरणहरु.....

**अनुसूची-२**

**(दफा ५ को (१) सँग सम्बन्धित)**

**सूचना! सूचना !! सूचना!!!**

कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. .................... को वार्षिक स्वीकृत तपशिल बमोजिमको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा अनुसूची-३ अनुसारको ढाँचामा निवेदन र अनुसूची-४ अनुसारको आवश्यक विवरण पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रीत नपुगेको र म्याद नाघेको निवेदन स्वीकृत गरिने छैन।

तपशिलः

| क्र.श. | कार्यक्रमको नाम | कार्यक्रमको लागि विनियोजित रकम | निवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १. | | | ➢ यन्त्र/उपकरण माग निवेदन।<br>➢ कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता, नवीकरण, लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।<br>➢ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>➢ चालू आ.व. को तिरो तिरेको रसिदको प्रतिलिपि।<br>➢ जग्गा धनीपूर्जाको प्रमाणपत्रको प्रतिलिपि।<br>➢ समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि। |

**अनुसूची-३**

**(दफा ५ को (२) सँग सम्बन्धित)**

**निवेदनको ढाँचा**

मितिः

<u>विषयः ................. कार्यक्रममा सहभागी हुन पाउँ।</u>

श्री कुम्मायक गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

कृषि विकास शाखा, यासोक, पाँचथर।

उपरोक्त सम्बन्धमा तहाँ शाखाको मिति ........................................ मा प्रकाशित सूचना अनुसार म/हामी/हाम्रो समूह सहकारी फर्मलाई .............................औजार/उपकरण आवश्यक परेकाले सो कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुनाले अनुसूची-४ बमोजिमको विवरण तथा तपशिल बमोजिमको कागजात सहित कार्यक्रममा सहभागी हुन यो निवेदन पेश गरेको छु/छौं।

तपशिलः

निवेदकः
ठेगानाः
नागरिकता नम्बरः
सम्पर्क नम्बरः
दस्तखतः
छापः

## अनुसूचि-४

## लागत साझेदारी प्रतिवद्धता पत्र

मितिः

विषयः लागत साझेदारी प्रतिवद्धता सम्बन्धमा।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कुम्मायक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर।

महोदय,

कुम्मायक गाउँपालिका कृषि विकास शाखाको आ.व. ……को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति …………………….. मा प्रकाशित सूचना अनुसार कुम्मायक गाउँपालिका वडा नं ...... को ...... टोल स्थायी ठेगाना भएको म/हामी श्री ............................................. ले ५० % अनुदानमा वितरण हुने आधुनिक यन्त्र/उपकरण कार्यक्रम संचालनका लागि आवश्यक पर्ने लागत साझेदारी बराबरको रकम आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने गरी तोकिएकै प्रयोजनमा समयमै कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला।

| सहि छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |

निवेदक
नाम थरः
ठेगानाः
पदः
दस्तखतः
छापः

## अनुसूचि-५

## समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र

पाँचथर जिल्ला कुम्मायक गाउँपालिका वडा नं. ........... टोल ............. मा बस्ने म/हामी ..................................... ले कुम्मायक गाउँपालिका कृषि विकास शाखाबाट मिति ............................ मा प्रकाशित सूचना अनुसार आधुनिक कृषि औजार वितरण कार्यक्रममा सहभागी हुन निवेदन पेश गरेकोमा सोही प्रकृतिको कार्यक्रमका लागि विगत ३ वर्षदेखी हालसम्म संघीय सरकार/प्रदेश सरकार/स्थानीय सरकार तथा अन्य संघ संस्थाबाट अनुदान निलिएको स्व-घोषणा पेश गर्दछु/गर्दछौं। अन्यथा फेला परे कसुरदार ठहरेमा सम्झौता रद्द लगायतका नियमानुसार अन्य सजाय भोग्न समेत तयार छु/छौं।

| सहि छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |

स्व-घोषणा गर्ने

नाम थरः

ठेगानाः

पदः

दस्तखतः

छापः

## अनुसूचि-६

**(दफा ५ को (२) सँग सम्बन्धित)**

**आधारभूत विवरण**

१. कृषि उत्पादन क्षेत्रको विवरण (रोपनी): (क) तरकारी .......... (ख) सुन्तला .......... (ग) बदाम ......... (घ) अदुवा..... (ङ) अन्य फलफुल........(च) अन्य केही भए ................................................ (छ) जम्मा ................

२. खेती योग्य जग्गाको क्षेत्रफल (रोपनी): ...................

३. यस वर्षको उत्पादन विवरण (के.जी., माना, पाथी, मुरी, डोको) (क) तरकारी ............ (ख) सुन्तला ........... (ग) बदाम ........... (घ) अदुवा......... (ङ) अन्य फलफूल..................................... (च) अन्य उपज .............................................................................

४. यस वर्षको कृषि उपजको कारोबारबाट भएको आम्दानी ...............................

५. मेशिन/औजार/उपकरण आवश्यकताको औचित्य

क)

ख)

ग)

६. मेशिन/औजार/उपकरण प्राप्त भएपछि हुने अपेक्षित उपलब्धिहरु

क)

ख)

ग)

घ)

**अनुसूचि-७**

**(दफा ६ को (१) सँग सम्बन्धित)**

**प्रस्ताव मूल्याङ्कनका तथा अनुगमन प्रतिवेदन**

आ.व. २०८०।८१

अनुगमन गरेको मितिः

कार्यक्रमको नामः- **कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम**

| क्र.श. | सचकाङ्कका आधारहरु | अधिकतम मूल्याङ्कन अंक | | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | हाल खेती गरिराखेको क्षेत्रफल | कृषि फर्म/उद्यमीको लागि | >५ रोपनी | १० | | |
| | | | =५ रोपनी | ८ | | |
| | | | <५ रोपनी | ५ | | |
| | | कृषक समूह/सहकारीको लागि | >३० रोपनी | १० | | |
| | | | =३० रोपनी | ८ | | |
| | | | <३० रोपनी | ५ | | |
| २. | आधारभूत पूर्वाधार (सडक, विद्युत, सिँचाइ, बजार आदिको) सुविधा | भएको | १० | | | |
| | | नभएको | ५ | | | |
| ३. | वैदेशिक रोजगारबाट फर्की कृषि कार्यमा संलग्न | फर्की संलग्न भएमा | ५ | | | |
| ४. | एकल महिला/दलित/लोपोन्मुख/पिछडिएको समुदाय | लक्षिम वर्गमा परेमा | ५ | | | |
| ५. | कृषि मूख्य पेशा र जीविको पार्जनको प्रमुख स्रोत भए/नभएको | मूख्य पेशा भएमा | १० | | | |
| | | सहायक पेशा भएमा | ५ | | | |
| ६. | सामूहिक प्रयोग | सामूहिक प्रयोग हुने | १० | | | |
| | | व्यक्तिगत प्रयोग हुने | ५ | | | |
| ७. | विगत तीन वर्षमा सोही प्रकृतिको अनुदानका कार्यक्रममा समावेश नभएको | नपाएको | १० | | | |
| | | पाएको | ५ | | | |
| ८. | औजार मर्मत सम्बन्धि तालिम लिए/नलिएको | लिएको | १० | | | |
| | | नलिएको | ५ | | | |
| ९. | पालिकाभन्दा बाहिर कृषि उपजहरु निर्यात गरे/नगरेको | गरेको | १० | | | |
| | | नगरेको | ५ | | | |
| १०. | अनुगमनमा गएका पदाधिकारीको स्वमूल्याङ्कन | १० | | | | |
| ११. | बाझो जमिनको उपयोग गरि खेतिपाति गरेको | १० | | | | |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | १०० | | |

अनुगमनकर्ता टोलीका सदस्यको हस्ताक्षर

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुगमन गरिएको कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी प्रतिनिधिको हस्ताक्षर

| नाम | पद | सम्पर्क नम्बर | हस्ताक्षर | प्राप्ताङ्क | अनुदानका लागि योग्य भए नभएको सिफारिस |
|---|---|---|---|---|---|
| | | | | | |

**अनुसूची-८**
**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**
**सम्झौता पत्र**

मितिः

कुम्मायक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा (यस पछि प्रथम पक्ष भनिने) र कुम्मायक गाउँपालिका वडा नम्बर ........ बस्ने कृषक श्री.................................................. (यस पछि दोस्रो पक्ष भनिने) बीच ५० प्रतिशत लागत साझेदारीमा ........................................................ कार्यक्रम संचालन गर्न निम्न अनुसार शर्तनामाहरु पालना गर्ने गरी यो दुई पक्षीय सम्झौता गरी लियौं/दियौं।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।
२. यस कार्यक्रम अन्तर्गत खरिद गरिने उपकरण तथा सामाग्रीहरु नेपाल सरकारको खरिद ऐन नियमावली अनुसार कार्यालयले खरिद गर्नेछ।
३. दोस्रो पक्षले मेसिनरी, औजार तथा उपकरण खरिदको ५० प्रतिशत हुन आउने साझेदारी बापतको रकम कार्यालयले तोकेको खातामा दाखिला गरि सक्कल भौचर शाखालाई उपलब्ध गराउनु पर्ने छ।
४. दोस्रो पक्षले शाखाबाट बुझेर लगेको मेसिनरी, औजार, उपकरण तथा सामाग्रीहरु कम्तीमा पाँच वर्ष वा तोकिए बमोजिम संचालन गर्नु पर्नेछ।
५. दोस्रो पक्षले शाखाबाट बुझेर लगेको मेसिनरी, औजार, उपकरण तथा सामाग्रीहरु बुझेको मिति देखि ३० दिन भित्र संचालन/प्रयोगमा ल्याइ सक्नु पर्नेछ।
६. दोस्रो पक्षले शाखाबाट बुझेर लगेको मेशिनरी, औजार, उपकरण तथा सामाग्रीहरु बिक्री वितरण वा दान गर्न पाउने छैन।
७. दोस्रो पक्षले बुझेर लगेको मेसिनरी, औजार, उपकरण सामाग्रीहरु संचालन/प्रयोग नगरी हिनामिना भएको देखिएमा वा प्रयोग नगरी थन्काएर राखेको पाइएमा जुनसुकै बखत कार्यालयले सो सामाग्री जफत गर्न सक्ने छ र सो बापत कुनै किसिमको सहुलियत दोस्रो पक्षलाई उपलब्ध गराइने छैन।
८. यो कार्यक्रम संचालन सम्बन्धी कुनै विवाद आएमा कुम्मायक गाउँपालिकाको निर्णय नै अन्तिम मानिनेछ।
९. यो सम्झौता उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

**प्रथम पक्षको तर्फबाट**
हस्ताक्षरः
नामः
पदः

**दोस्रो पक्षको तर्फबाट**
हस्ताक्षरः
नामः
पदः

**रोहबर**
हस्ताक्षरः
नामः
पदः

**रोहवर**
हस्ताक्षरः
नामः
पदः

आज्ञाले
जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत